आज मिति २०८१ साल श्रावण १८ गते शुक्रबारका दिन यस धार्चे गाउँपालिकाका अध्यक्ष श्री लक्ष्मण गुरुङको अध्यक्षतामा तपशिल बमोजिमका पदाधिकारीहरुको उपस्थितिमा गाउँ कार्यपालिका बैठक धार्चे गाउँ कार्यपालिकाको कार्यालय, माछिखोला, गोरखामा बसी देहाय बमोजिमका प्रस्तावहरु माथि छलफल एवम् निर्णय गरियो ।

उपस्थितिहरु:

| क्र. सं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री लक्ष्मण गुरुङ | अध्यक्ष | |
| २ | श्री सुनिला गुरुङ | उपाध्यक्ष | |
| ३ | श्री काजीमान सुनार | सदस्य-सचिव | |
| ४ | श्री राम सिङ गुरुङ | सदस्य | |
| ५ | श्री सरोज गुरुङ | सदस्य | |
| ६ | श्री शेर बहादुर गुरुङ | सदस्य | |
| ७ | श्री किसान गुरुङ | सदस्य | |
| ८ | श्री भिम प्रसाद गुरुङ | सदस्य | |
| ९ | श्री धन कुमार घले | सदस्य | |
| १० | श्री राकेश गुरुङ | सदस्य | |
| ११ | श्री अनार्त गुरुङ | सदस्य | |
| १२ | श्री पासमाया गुरुङ | सदस्य | |
| १३ | श्री देवी सुनार | सदस्य | |
| १४ | श्री सुनमाया वि.क. | सदस्य | |
| १५ | श्री मित्र बहादुर सुनार | सदस्य | |
| १६ | श्री जक सिङ घले | सदस्य | |

CamScanner

**प्रस्तावहरु:**

१. अघिल्लो बैठकको निर्णय कार्यान्वयन अवस्थाको समिक्षा सम्बन्धमा ।
२. रेसेफाँटको विपदबाट भएको क्षति सम्बन्धमा ।
३. गत आ.व. २०८०/०८१ को आर्थिक र भौतिक प्रगति सम्बन्धमा ।
४. गत आ.व. २०८०/०८१ को वार्षिक समिक्षा सम्बन्धमा ।
५. गत आ.व. २०८०/०८१ को तेस्रो चौमासिक सार्वजनिक सुनुवाई सम्बन्धमा ।
६. चालु आ.व. २०८१/०८२ को पालिकास्तरीय दररेट सम्बन्धमा ।
७. चालु आ.व. २०८१/०८२ मा हुने विकास निर्माण र सेवा प्रवाह सम्बन्धमा ।
८. नवनियुक्त कर्मचारीको पदस्थापना सम्बन्धमा ।
९. वडा सचिवको जिम्मेवारी सम्बन्धमा ।
१०.शिक्षक दरवन्दि मिलान तथा पदस्थापना सम्वन्धमा ।
११.मुख्यमन्त्री नवप्रवर्तन साझेदारी कार्यक्रम सम्बन्धमा ।
१२.नेपाल पर्यटन बोर्डमा प्रस्ताव पेश गर्ने सम्बन्धमा ।
१३.आकस्मिक सडक तथा बाटोघाटो मर्मत तथा सरसफाई सम्वन्धमा ।
१४.सम्पत्ति विवरण पेश गर्ने सम्बन्धमा ।
१५.कार्यालय सहयोगीलाई कामकाजमा खटाउने सम्वन्धमा ।
१६.सूचना तथा शुभकामना प्रकाशन सम्बन्धमा ।
१७.मेघा विद्यालयको ठेक्का सम्झौताको म्याद थप सम्बन्धमा ।
१८.कार्य सम्पादन सम्झौता गर्ने सम्बन्धमा ।
१९.विविध कार्यविधिहरु पास गर्ने सम्वन्धमा ।

**निर्णयहरु:**

१. प्रस्ताव नं. १ माथि छलफल गर्दा यस अगाडीको कार्यपालिकाबाट भएको निर्णयको कार्यान्वयन अवस्थाको समिक्षा गरि निर्णय कार्यान्वयनका लागि थप क्रियाशिल रहने निर्णय गरियो ।

२. प्रस्ताव नं. २ माथि छलफल गर्दा विगत केहि दिनदेखि परेको अविरल वर्षाका कारण यहि श्रावण १३ गते विहान करिव २ बजे माथिबाट आएको लेदोसहितको बाढिपहिरोले वडा नं. ५ रेसेफाँटमा रहेको जित बहादुर गुरुङको घर बगाउँदा/पुरिदा घरमा सुतिरहेका ७ जना मध्ये २ जना सोहि वडा निवासी दिलिप गुरुङ र छम बहादुर गुरुङ घाइतेहरु अवस्थामा उद्धार भई हेलिकप्टरमार्फत उपचारका लागि राष्ट्रिय ट्रमा सेन्टर काठमाडौं लगिएको र बाँकी ५ जना वेपत्ता सोहि वडा निवासी सुलाल कान्छा गरुङ, जित बहादुर गुरुङ, कान्छि गुरुङ, रमेश गुरुङ र आरुघाट गाउँपालिका स्थायी ठेगना भएका रमेश परियारको शव दोस्रो दिनदेखि छैटौ दिनसम्ममा खोजि गर्दा फेला परेको हुँदा मृतकहरुप्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दै विपदजन्य घटनाबाट मृत्यु भएका व्यक्तिको हकमा प्रदेश सरकार र संघिय सरकारबाट नियमानुसार उपलब्ध हुने आर्थिक राहतका लागि गाउँपालिकाका तर्फबाट पहल तथा सहयोग गर्ने, घाईतेहरुको सिघ्र स्वास्थ्य लाभको कामना गर्दै नि: शुल्क उपचारको लागि सम्बन्धित निकायमा पहल गर्ने साथै मृतकको खोजि कार्यमा लागेको सबै खर्च विपद व्यवस्थापनबाट भुक्तानीको व्यवस्था मिलाउने निर्णय गरियो ।

३. प्रस्ताव नं. ३ माथि आवश्यक छलफल गर्दा यस गाउँपालिकाको आ.व. २०८०/०८१ को हालसम्मको आर्थिक र भौतिक प्रगति तपशिल बमोजिम प्रमुख प्रशासकीय अधिकृतबाट बैठकमा पेश भई जानकारी भयो ।

तपशिल

| | विनियोजित रकम (रू.) | खर्च रकम (रू.) | खर्च प्रतिशत |
|---|---|---|---|
| चालु तर्फ | ३०,५७,९०,५०० | २४,९८,१२,६९५.६२ | ८१.६९% |
| पूंजीगत तर्फ | २१,३५,०४,००० | १४,४४,४५,०८५ | ६७.६५% |
| जम्मा | ५१,९२,९४,५०० | ३९,४२,५७,७८०.६२ | ७५.९२% |

४. प्रस्ताव नं. ४ माथि छलफल गर्दा यस गाउँपालिकाको आ.व. २०८०/०८१ को तेस्रो चौमासिक एवम् वार्षिक समिक्षा यहि श्रावण ३० गते बुधबारका दिन विहान १० बजे धार्चे गाउँपालिकाको सभाहल माछिखोलामा गर्ने निर्णय गरियो ।

५. प्रस्ताव नं. ५ माथि छलफल गर्दा यस गाउँपालिकाको आ.व. २०८०/०८१ को तेस्रो चौमासिक तथा वार्षिक सार्वजनिक सुनुवाई कार्यक्रम यहि श्रावण ३० गते बुधबार दिउँसो २ बजे धार्चे गाउँपालिकाको सभाहल माछिखोलामा गर्ने निर्णय गरियो ।

CamScanner

६. प्रस्ताव नं. ६ माथि आवश्यक छलफल गर्दा चालु आ.व. २०८१/०८२ को लागि पालिकास्तरीय दररेट प्रमुख प्रशासकीय अधिकृत मार्फत प्राविधिक शाखाबाट पेश भई जानकारी भयो । सो सम्बन्धमा पेश भएको दररेट गोरखा जिल्लाको दररेटलाई आधार मानी तयार भएको हुनाले केहि आवश्यक संशोधन सहित सर्वसहमतिले पास गरि सोही बमोजिम कार्यान्वयनको व्यवस्था मिलाउने निर्णय गरियो ।

७. प्रस्ताव नं. ७ माथि आवश्यक छलफल गर्दा चालु आ.व. २०८१/०८२ मा हुने विकास निर्माण र सेवा प्रवाहलाई थप चुस्त, दुरुस्त, छिटो, छरितो, गुणस्तरीय, प्रभावकारी, पारदर्शी एवम् नतिजामूलक तुल्याउनका लागि सबै सरोकारवालाहरुले आ आफ्नो तर्फबाट भूमिका निर्वाह गर्ने निर्णय गरियो ।

८. प्रस्ताव नं. ८ माथि छलफल गर्दा प्रदेश लोक सेवा आयोग, गण्डकी प्रदेश, पोखराबाट स्थानीय प्रशासन सेवा, प्रशासन/ लेखा समूह, सातौ तह प्रशासकीय/लेखा अधिकृत पदमा स्थायी नियुक्तिका लागि सिफारिस भई आएका द्धय श्री विनायक तिमिल्सिना र बलराम श्रेष्ठलाई कार्यालयबाट मिति २०८१।०४।०१ गते स्थायी नियुक्ति समेत दिई सकिएको हुँदा निजहरुलाई यस गाउँपालिकाको क्रमश: प्रशासन, योजना तथा अनुमगन शाखा र आर्थिक प्रशासन शाखामा पदस्थापना गरि शाखा प्रमुखको जिम्मेवारी दिई कामकाजमा लगाउने व्यवस्था मिलाउन गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

९. प्रस्ताव नं. ९ माथि छलफल गर्दा यस गाउँपालिकाका वडाहरुमा विगतदेखिनै दरबन्दि अनुसारका प्रशासनिक वडा सचिवको पदपूर्ति नभएको र उक्त वडा सचिवहरुको जिम्मेवारी स्वास्थ्य सेवाका कर्मचारीहरुबाट हुँदै आएकोमा सोहि बमोजिम अर्को व्यवस्था नहुन्जेलसम्मका लागि निजहरुलाईनै निरन्तरता दिने निर्णय गरियो ।

१०.प्रस्ताव नं. १० माथि छलफल गर्दा मिति २०८१।०४।१८ गते बसेको गाउँ शिक्षा समितिको बैठकबाट शिक्षक दरबन्दि मिलान तथा पदस्थापना सम्बन्धि भएको निर्णयहरु सदस्य सचिव मार्फत बैठकमा पेश भई जानकारी भयो । सो सम्बन्धमा उक्त समितिबाट शिक्षक दरबन्दि मिलान तथा पदस्थापना सम्बन्धि भएका निर्णयहरु अनुमोदन गर्दै कार्यान्वयन गर्ने/गराउने आवश्यक व्यवस्था मिलाउने निर्णय गरियो ।

११.प्रस्ताव नं. ११ माथि छलफल गर्दा गण्डकि प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय पोखराको मिति २०८१।०४।१३ गते प्रकाशित मुख्यमन्त्री नवप्रवर्तन साझेदारी कार्यक्रमका लागि प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना प्रमुख प्रशासकीय अधिकृतमार्फत बैठकमा पेश भई जानकारी भयो । सो सम्बन्धमा मुख्यमन्त्री नवप्रवर्तन साझेदारी कार्यक्रम कार्यान्वयन कार्यविधि २०८१ को अनुसूचि-१ अनुसारका विषय क्षेत्र अन्तर्गत पर्यटन क्षेत्रसँग सम्बन्धित नौलि खोला झरना क्यानोनिङ र भिया फटरा पूर्वाधार निर्माण कार्यक्रमको परियोजना प्रस्ताव तयार गरि पेश गर्ने । साथै गत आ.व. २०८०/०८१ मा यस गाउँपालिकाको आन्तरिक आय करिब पैतालिस लाख भएको हुँदा उक्त कार्यक्रम कार्यान्वयन कार्यविधिको दफा २५ को उपदफा १ (ग) बमोजिम लागत साझेदारी गरि उक्त परियोजना कार्यान्वयन गर्ने व्यवस्था मिलाउने निर्णय गरियो ।

१२.प्रस्ताव नं. १२ माथि छलफल गर्दा यस धार्चे गाउँपालिका भौगोलिक रुपमा विकट तर प्राकृतिक सम्पदाले अत्यन्तै धनि रहेको र आर्थिक, सामाजिक तथा पर्यटकीय विकासका पूर्वाधारहरुको न्यूनता रहेकोले पर्यटकीय विकासको लागि चालु आ.व. २०८१/०८२ का लागि नेपाल पर्यटन बोर्डसँग तपशिल बमोजिमको योजना तथा कार्यक्रम माग गरि पठाउने निर्णय गरियो ।

तपशिल

क. तल्लो मनास्लु क्षेत्र पर्यटन पदमार्ग (सिङ्लादेखि रुकाङ डाँडा) निरन्तरता

ख. नौलीखोला झरना देखि मापु ताल पदमार्ग

ग. मञ्जुगुफा संरक्षण धार्चे-६, काशीगाउँ

१३.प्रस्ताव नं. १३ माथि छलफल गर्दा विगत केहिदिन देखि लगातार परिरहेको अविरल वर्षाका कारणले यस गाउँपालिकाको क्षेत्रभित्र क्षति भएका तपशिल बमोजिमका सडकहरु तत्काल मर्मत सम्भार तथा सरसफाई गरि मानिसहरु, सवारी साधन तथा पशुचौपाय आवतजावतमा सरलता एवम सहजता हुने व्यवस्था मिलाउने निर्णय गरियो ।

तपशिल:

क. दोभानस्थित खोत्राङ खोला पुल (रु. ३०,०००।-)

ख. सोति माछिखोला सडक खण्डको लिदिङ क्षेत्रमा खसेको ढुंगा हटाउने (रु. १५,०००।-)

ग. खानीबेशी खोला मर्मत तथा व्यवस्थापन (प्राविधिक लागत इष्टिमेट बमोजिम)

घ. सिङ्ला देखि खोर्ला गोरेटो बाटो (प्राविधिक लागत इष्टिमेट बमोजिम)

ङ. रेसेखोला बेलिब्रिज मर्मत (प्राविधिक लागत इष्टिमेट बमोजिम)

साथै तपशिलका सडक खण्डको सरसफाई तथा मर्मत संभार कोटेशन मार्फत गर्ने गराउने व्यवस्था मिलाउने-

तपशिल:

क. छोटेखोला – काशीगाउँ - आयुखोला सडक खण्ड

ख. आयुखोला ६- केरौजा- रुन्चेत सडक खण्ड

CamScanner

ग. लप्सिबोट - गुम्दा सडक खण्ड

घ. लाप्राक - सिङ्ला सडक खण्ड

१४.प्रस्ताव नं. १४ माथि छलफल गर्दा सार्वजनिक पद धारण गरेका पदाधिकारीहरुले प्रत्येक आ.व. को ६० दिन भित्रमा गत आ.व. को आफ्नो सम्पत्ति विवरण तोकिएको निकायमा पेश गर्नुपर्ने प्रावधान बमोजिम आ.व. २०८०/०८१ को सम्पत्ति विवरण यहि भाद्र १० गतेभित्रमा तोकिएबमोजिम गाउँ कार्यपालिकाको कार्यालयमा अनिवार्य रुपमा पेश गर्ने व्यवस्था सम्बन्धित वडामार्फत सबै जनप्रतिनिधिहरुमा जानकारी गराउने निर्णय गरियो ।

१५.प्रस्ताव नं. १५ माथि छलफल गर्दा यस गाउँपालिकाको कार्यालयमा का.स. पदमा कार्यरत श्री धन प्रसाद गुरुङलाई ५ नं. वडा कार्यालयमा कामकाजका लागि खटाउने साथै उक्त वडा कार्यालयमा कार्यरत का.स. श्री नविन गुरुङलाई गाउँपालिकाको कार्यालयमा कामकाजका लागि खटाउने व्यवस्था मिलाउने निर्णय गरियो ।

१६.प्रस्ताव नं. १६ माथि छलफल गर्दा गत आ.व.हरुमा कार्यालयको अग्रिम स्वीकृत विनानै कतिपय पत्रपत्रिका र सूचना तथा संचार माध्यमहरुले गाउँपालिकाको विविध सूचना तथा शुभकामना प्रकाशन तथा प्रशारण गर्ने गरेको पाईएकोले चालु आ.व. मा यस्ता गतिविधिहरुलाई निरुत्साहित गर्दै गाउँपालिकाको सूचना तथा शुभकामना लगायतका सामाग्रीहरु प्रकाशन तथा प्रशारण आवश्यकताका आधारमा गर्ने तथा प्रकाशन तथा प्रशारण गर्नुपूर्व स्वीकृति लिएर मात्र गर्ने व्यवस्था मिलाउन सबै सूचना तथा संचार माध्यमहरुलाई सार्वजनिक रुपमा आव्हान गर्ने निर्णय गरियो ।

१७.प्रस्ताव नं. १७ माथि छलफल गर्दा नेपाल सरकार संघिय विशेष अनुदानतर्फ श्री प्रभातकिरण मा.वि. धार्चे-७, लापुबेशीको होस्टेल ब्लक निर्माणका लागि कार्यालयको ठेक्का नं. *DRM/NCB/WORKS/01/079/080 Construction of Hostel Block of Mega School (Pravat Kiran Ma.Vi.)* बाट सुनामी एस. ए. जेभि, विदुर न. पा.-७, नुवाकोटसँग मिति २०८०।०२।०४ गते सम्झौता भई मिति २०८१।०३।१५ गते सम्पन्न गर्ने गरि कायदिश दिई निर्माण कार्य अगाडि बढेकोमा तोकिएको समयभित्र भौगोलिक विकटता र वर्षायामले गर्दा निर्माण सामाग्री निर्माणस्थलसम्म ढुवानी गर्न कठिनाई हुने लगायतका कारणले गर्दा कार्य सम्पन्न नभएको र १ वर्ष म्याद थपका लागि सम्बन्धित निर्माण कम्पनिबाट निवेदन पेश भई कार्यालयले उक्त ठेक्काको म्याद थप गर्ने प्रयोजनका लागि कार्यसम्पादन जमानत (PB) को मिति २०८३।०४।१५ गतेसम्म म्याद कायम हुने गरि नियमानुसार म्याद थप गरि पेश गर्न सम्बन्धित निर्माण कम्पनि र बैकलाई पटक पटक पत्राचार गर्दा करिब एक महिना ढिला गरि मिति २०८१।०४।१३ गते कार्यसम्पादन जमानत (PB) को मिति २०८३।०४।१५ गतेसम्म म्याद कायम हुने गरि थप भई प्राप्त हुन आएकोले हालसम्मको कार्यप्रगति समेतलाई मुल्यांकन गरि भवन निर्माण कार्यलाई समयमानै सम्पन्न गर्न साथै कार्यालयलाई थप आर्थिक व्यायभार उत्पन्न नहुने गरि सार्वजनिक खरिद (बाह्रौं संशोधन) नियमावली, २०७९ नियम १२० क खरिद सम्झौताको अवधि थप सम्बन्धी विशेष व्यवस्था बमोजिम माग अनुसार एक पटकका लागि कुनै विलम्व शुल्क नलगाई यस अघि म्याद सकिएको मिति २०८१।०३।१५ गतेबाटै लागु हुने गरि १ वर्षका लागि म्याद थप गर्ने र सो प्रक्रिया अगाडि बढाउन गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन गर्ने निर्णय गरियो ।

१८.प्रस्ताव नं. १८ माथि छलफल गर्दा चालु आ.व. २०८०/०८१ को वार्षिक नीति, योजना, कार्यक्रम तथा बजेट, विकास निर्माण तथा सेवा प्रवाहलाई चुस्त, दुरुस्त, छिटो, छरितो, गुणस्तरीय एवं प्रभावकारी रुपमा कार्यान्वियन तथा कार्य सम्पादन गर्नका लागि गाउँपालिका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत साथै प्रमुख प्रशासकीय अधिकृत र गाउँ कार्यपालिकाको कार्यालयका सबै शाखाका प्रमुखहरुबीच समेत कार्यसम्पादन सम्झौता गरि प्रभावकारी रुपमा कार्य सम्पादन गर्ने व्यवस्था मिलाउने निर्णय गरियो ।

१९.प्रस्ताव नं. १९ माथि छलफल गर्दा चालु आ.व. २०८१/०८२ को नीति योजना कार्यक्रम तथा बजेटको प्रभावकारी एवम् व्यवस्थित रुपमा कार्यान्वयन गर्न गराउनका लागि तपशिल बमोजिमका कानून कार्यविधिहरुको मस्यौदा प्रमुख प्रशासकीय अधिकृतमार्फत शाखाहरुबाट बैठकमा पेश भई दफाबार रुपमा अध्ययन एवम छलफल गरियो । सो सम्बन्धमा उक्त कानून कार्यविधिहरु स्वीकृत/पारित गरि सोहि बमोजिम कार्यान्वयन गर्ने गराउने व्यवस्था मिलाउने निर्णय गरियो ।

<u>तपशिल</u>

क. आवासीय छात्रावास (संचालन तथा व्यवस्थापन सम्बन्धी) कार्यविधि, २०८१

ख. प्रधानाध्यापक मासिक प्रोत्साहन भत्ता व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८१

ग. अतिरिक्त कक्षा (संचालन तथा व्यवस्थापन सम्बन्धी) कार्यविधि, २०८१

घ. माध्यमिक तह (अंग्रेजी, गणित र विज्ञान लगायत अन्य विषय)शिक्षक प्रोत्साहन भत्ता व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८१

ङ. माध्यमिक तथा निम्नमाध्यमिक तह अंग्रेजी, गणित र विज्ञान विषय अध्यापन अनुमतिपत्र सम्बन्धी कार्यविधि, २०८१

CS CamScanner

आज मिति २०८१ साल भाद्र २७ गते बिहीबारका दिन यस धार्चे गाउँपालिकाका अध्यक्ष श्री लक्ष्मण गुरुङको अध्यक्षतामा तपशिल बमोजिमका पदाधिकारीहरुको उपस्थितिमा गाउँ कार्यपालिका बैठक धार्चे गाउँ कार्यपालिकाको कार्यालय, माछिखोला, गोरखामा बसी देहाय बमोजिमका प्रस्तावहरु माथि छलफल एवम् निर्णय गरियो ।

उपस्थितिहरुः

| क्र. सं. | पदाधिकारीको नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री लक्ष्मण गुरुङ | अध्यक्ष | |
| २ | श्री सुनिला गुरुङ | उपाध्यक्ष | |
| ३ | श्री काज़ीमान सुनार | सदस्य-सचिव | |
| ४ | श्री राम सिङ गुरुङ | सदस्य | |
| ५ | श्री सरोज गुरुङ | सदस्य | |
| ६ | श्री शेर बहादुर गुरुङ | सदस्य | |
| ७ | श्री किसान गुरुङ | सदस्य | |
| ८ | श्री भिम प्रसाद गुरुङ | सदस्य | |
| ९ | श्री रविन्द्र घले (का.वा.अध्यक्ष) | सदस्य | |
| १० | श्री पन्दुर गुरुङ (का.वा.अध्यक्ष) | सदस्य | |
| ११ | श्री अनार्त गुरुङ | सदस्य | |
| १२ | श्री पासमाया गुरुङ | सदस्य | |
| १३ | श्री देवी सुनार | सदस्य | |
| १४ | श्री सुनमाया वि.क. | सदस्य | |
| १५ | श्री मित्र बहादुर सुनार | सदस्य | |
| १६ | श्री जक सिङ घले | सदस्य | |

CamScanner

**प्रस्तावहरु:**

१. अघिल्लो बैठकको निर्णय कार्यान्वयन अवस्थाको समिक्षा सम्बन्धमा ।
२. मासिक रिपोर्टिङ सम्बन्धमा ।
३. संघ र प्रदेश सरकारबाट धार्चे क्षेत्रभित्र कार्यान्वयन हुने विकास योजनाहरु सम्बन्धमा ।
४. नदिजन्य पदार्थको राजश्व संकलनलाई थप व्यवस्थित बनाउने सम्बन्धमा ।
५. नदिजन्य पदार्थ (ढुंगा गिटी वालुवा) को उत्खनन तथा संकलनका लागि ठेक्का आव्हान गर्ने सम्बन्धमा ।
६. सर्जङबेशी काशीगाउँ सडकको ठेक्का सम्झौताको म्याद थप सम्बन्धमा ।
७. गुम्दा बहुउद्धेश्यीय सभाहलको ठेक्का सम्झौताको म्याद थप सम्बन्धमा ।
८. करारमा कर्मचारी भर्ना गर्ने सम्बन्धमा ।
९. वडा समितिको बैठक सम्बन्धमा ।
१०.स्थानीय तहबाट मतदाता नामावली दर्ता तथा अद्यावधिक गर्ने सम्बन्धमा ।
११.साना लघु जलविद्युत उपभोक्ता संस्था सम्बन्धमा ।
१२.संविधान दिवस (असोज ३) मनाउने सम्बन्धमा ।
१३.जग्गाको भोगाधिकार सम्बन्धमा ।
१४.शिक्षक अध्यापन अनुमति पत्र सम्बन्धमा ।

**निर्णयहरु:**

१. प्रस्ताव नं. १ माथि छलफल गर्दा यस अगाडीको कार्यपालिकाबाट भएको निर्णयको कार्यान्वयन अवस्थाको समिक्षा गरि निर्णय कार्यान्वयनका लागि थप क्रियाशिल रहने निर्णय गरियो ।

२. प्रस्ताव नं. २ माथि छलफल गर्दा चालु आ.व. को हालसम्म भएका विकास निर्माण, सेवा प्रवाह, शिक्षा, स्वास्थ्य लगायतका विषयमा सबै वडाध्यक्षहरुबाट पालैपालो रिपोर्टिङ भई जानकारी भयो ।

३. प्रस्ताव नं. ३ माथि छलफल गर्दा यस चालु आ.व. २०८१/०८२ मा यस गाउँपालिका क्षेत्रभित्र संघ तथा प्रदेश सरकारबाट कार्यान्वयन हुने योजना, आयोजना तथा कार्यक्रमहरुको विवरण तत् तत् कार्यालयहरुबाट माग गर्ने साथै त्यस्ता योजना, आयोजना तथा कार्यक्रमहरु कार्यान्वयनमा आउदा समन्वय, सहकार्य एवम् सहमति लगायतका कार्य गर्ने अधिकार गाउँपालिका मार्फत गर्ने निर्णय गरियो ।

४. प्रस्ताव नं. ४ माथि छलफल गर्दा चालु आ. व. मा नदिजन्य पदार्थ (ढुंगा गिटी वालुवा) लाई राजश्व संकलनको प्रमुख स्रोतका रुपमा पहिचान गरिएको हुनाले यथासमयमै वैधानिक प्रक्रियाबाट राजश्व संकलन गर्न ठेक्का आव्हान गर्ने । साथै यस पालिकाको क्षेत्रभित्र कार्यान्वयन हुने संघीय तथा प्रदेशस्तरीय योजनाहरुमा नदिजन्य पदार्थ लगायत प्राकृतिक स्रोत साधनको प्रयोग गर्दा यस गाउँपालिकालाई नियमानुसार तिर्नु पर्ने राजश्व अनिवार्य तिरेपछि मात्र भुक्तानी दिने व्यवस्था मिलाईदिन जिल्लास्थित सम्बन्धित संघीय तथा प्रदेश कार्यालयहरुलाई अनुरोध गर्ने निर्णय गरियो ।

५. प्रस्ताव नं. ५ माथि छलफल गर्दा यस गाउँपालिकाको क्षेत्र हुँदै बग्ने बुढिगण्डकी नदि तथा रेसे खोलाबाट नदिजन्य पदार्थ (ढुंगा गिटी वालुवा) को वैधानिक रुपमा उत्खनन तथा संकलन गर्नका लागि प्रारम्भिक वातावरणीय अध्ययन (IEE) गत आ.व. २०७९/०८० मा सम्पन्न भएको र गत वर्षहरुमा ठेक्का नलागेका कारण चालु आ.व. २०८१/०८२ मा उक्त नदिबाट नदिजन्य पदार्थ (ढुंगा गिटी वालुवा) उत्खनन तथा संकलन गर्नका लागि ठेक्का आव्हान सम्बन्धि आवश्यक प्रक्रिया अगाडि बढाउन गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन गर्ने निर्णय गरियो ।

६. प्रस्ताव नं. ६ माथि छलफल गर्दा यस कार्यालयबाट ठेक्का नं. *DRM/NCB/WORKS/05/080/081 Construction of Sarjanbeshi–Kashigaun Sadak* (धार्चे-६, काशीगाउँ) निर्माणका लागि श्री कुमारी माई निर्माण सेवासँग मिति २०८१।०१।०६ गते सम्झौता भई मिति २०८१।०३।१६ गते सम्पन्न गर्ने गरि कार्यदिश दिएकोमा विविध कारणले तोकिएको समयभित्र कार्य सम्पन्न हुन नसककोले ६ महिना म्याद थपका लागि निवेदन पेश हुन आएको र कार्यालयले उक्त ठेक्काको म्याद थप गर्ने प्रयोजनका लागि कार्यसम्पादन जमानत (PB) को मिति २०८२।१०।१६ गतेसम्म म्याद कायम हुने गरि नियमानुसार म्याद थप गरि पेश गर्न सम्बन्धित निर्माण कम्पनि र बैंकलाई पटक पटक पत्राचार गर्दा २ महिना ढिला गरि मिति २०८१।०५।१६ गते कार्यसम्पादन जमानत (PB) को मिति २०८२।१०।१६ गतेसम्म म्याद कायम हुने गरि थप भई प्राप्त हुन आएकोले उक्त कम्पनिसँग ठेक्का सम्झौता अन्त्य गर्दा हालको मुल्यांकन अनुसार पुन ठेक्का आव्हान गर्दा लागत बढ्न गई कार्यालयलाई थप आर्थिक भार पर्ने र आयोजनाको समय समेत लम्बिने हुँदा हालसम्मको कार्यप्रगति समेतलाई मुल्यांकन गरि सडक निर्माण कार्यलाई समयमानै सम्पन्न गर्न साथै कार्यालयलाई थप आर्थिक व्ययभार उत्पन्न नहुने गरि सार्वजनिक खरिद (बाह्रौं संशोधन) नियमावली, २०७९ नियम

CamScanner

१२० क खरिद सम्झौताको अवधि थप सम्बन्धी विशेष व्यवस्था बमोजिम माग अनुसार एक पटकका लागि कुनै विलम्ब शुल्क नलगाई यस अघि म्याद सकिएको मिति २०८१।०३।१६ गतेबाटै लागु हुने गरि ६ महिना म्याद थप गर्ने र सो प्रक्रिया अगाडि बढाउन गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन गर्ने निर्णय गरियो ।

७. प्रस्ताव नं. ७ माथि छलफल गर्दा आ.व. २०७८/०७९ मा यस कार्यालयबाट ठेक्का नं. DRM/NCB/Works/01/078/079 Construction of Gumda Multipurpose Conference Hall (धार्चे-५ गुम्दा) निर्माणका लागि मिति २०७९।१०।२९ गतेभित्र कार्य सम्पन्न गर्ने गरि मिति २०७८।११।२३ गते श्री गोरखनाथ कन्स्ट्रक्सन एण्ड मर्चेण्डिसर प्रा.लि. काठमाडौलाई कायदिश दिईएकोमा सो अवधिमा कार्यसम्पन्न गर्न नसकी मिति २०८०।१०।२९ गतेसम्म म्याद कायम हुने गरि पहिलो पटक म्याद थपिएकोमा सो अवधिमा समेत उक्त ठेक्काको कार्यसम्पन्न नभएकोले मिति २०८१।०४।२९ गतेसम्म म्याद कायम हुने गरि दोस्रो पटक म्याद थप भएकोमा सो अवधिमा समेत विविध कारणले कार्य सम्पन्न हुन नसकेको र उक्त निर्माण कम्पनीबाट पुन ६ महिनाका लागि म्याद थप गरिदिन भनि निवेदन पेश हुन आएकोले हालसम्मको कार्यप्रगति समेतलाई मुल्यांकन गरि सार्वजनिक खरिद (बाह्रौं संशोधन) नियमावली, २०७९ नियम १२० क खरिद सम्झौताको अवधि थप सम्बन्धी विशेष व्यवस्था बमोजिम माग अनुसार म्याद थप गर्ने र म्याद थपका लागि आवश्यक प्रक्रिया अगाडि बढाउन गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन गर्ने निर्णय गरियो ।

८. प्रस्ताव नं. ८ माथि छलफल गर्दा यस धार्चे गाउँपालिका अन्तर्गत रिक्त रहेका तपशिल बमोजिमका पदहरुमा करार सेवामा कर्मचारी पदपूर्ती गर्नका लागि आवश्यक प्रक्रिया अगाडी बढाउन गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन गर्ने निर्णय गरियो ।

तपशिल

| सि. नं. | पद | सेवा | आवश्यक संख्या | कैफियत |
|---|---|---|---|---|
| १ | कार्यालय सहयोगी | करार | २ | गा.पा. कार्यालयका लागि |
| २ | कार्यालय सहयोगी | करार | १ | वडा नं. ६ का लागि |

९. प्रस्ताव नं. ९ माथि छलफल गर्दा चालु आ.व.मा यस गाउँपालिकाका वडाहरुबाट हुने विकास निर्माण र सेवा प्रवाहलाई थप चुस्त, दुरुस्त, छिटो, छरितो, गुणस्तरीय, प्रभावकारी, पारदर्शी जवाफदेही, उत्तरदायी, लागतप्रभावी एवम् नतिजामूलक बनाउनका लागि वडा समितिको बैठक मासिक रुपमा ३ पटक वा आवश्यकतानुसार बसि आवश्यक निर्णय गरि/गराई अगाडि बढ्ने र सो निर्णय गाउँ कार्यपालिकाको कार्यालयमा अनिवार्य रुपमा पठाउने व्यवस्था मिलाउने निर्णय गरियो ।

१०. प्रस्ताव नं. १० माथि छलफल गर्दा जिल्ला निर्वाचन कार्यालय गोरखाको च.नं. १९ मिति २०८१।०४।२५ गतेको स्थानीय तहबाट मतदाता नामावली दर्ता तथा अद्यावधिक सम्बन्धी प्राप्त पत्र बैठकमा पेश भई जानकारी भयो । सो सम्बन्धमा स्थानीय तहबाट मतदाता नामावली दर्ता तथा अद्यावधिक कार्यविधि २०८१ बमोजिम यस गाउँपालिकाबाट मतदाता नामावली दर्ता तथा अद्यावधिक गर्नका लागि कार्यविधिको अनुसूची १ बमोजिमको पूर्वाधारहरुको तयारी सम्पन्न भएको हुँदा मतदाता नामावली दर्ता कार्यको अनुमतिको लागि जिल्ला निर्वाचन कार्यालयमार्फत श्री निर्वाचन आयोग नेपालमा निवेदन दिने आवश्यक व्यवस्था मिलाउने निर्णय गरियो ।

११. प्रस्ताव नं. ११ माथि छलफल गर्दा यस गाउँपालिकामा साविकमा केन्द्रिय विद्युत लाइनको पहुँच नभएको अवस्थामा स्थानीयहरुको पहलमा विभिन्न साझेदार संघसंस्थाको सहयोगमा लघु जलविद्युत आयोजना निर्माण गरि गाउँपालिकाभित्रका विभिन्न टोलवस्तिहरुमा बिजुली बत्ति पुर्याई जनतालाई उज्यालो दिई हालसम्म निरन्तर संचालनमा रहेका तर दर्ता नभएका लघु जलविद्युत आयोजनाहरुलाई नियमानुसार दर्ताको प्रक्रियामा ल्याई आधिकारिक भई संचालन गर्ने गराउने व्यवस्था मिलाउने निर्णय गरियो ।

१२. प्रस्ताव नं. १२ माथि छलफल गर्दा यस वर्षको संविधान दिवस (असोज ३) भव्य र सभ्य रुपमा मनाउनका लागि देहाय बमोजिम गर्ने/गराउने निर्णय गरियो ।

देहाय

क. २, ३ र ४ गते गाउँपालिका कार्यालय वडा कार्यालय स्वास्थ्य संस्था तथा विद्यालयमा राष्ट्रिय झण्डा सजाई कार्यालय र परिसर सरसफाई गर्ने,

ख. गाउँपालिका कार्यालय वडा कार्यालय स्वास्थ्य संस्था तथा विद्यालयमाहरुमा ३ गते साँझ दिप प्रज्वलन गर्ने,

ग. गाउँपालिकावासी आम नागरिकहरुलाई आ-आफ्ना घर टोल तथा सार्वजनिक स्थलहरुको सरसफाई र ३ गते साँझ घर घरमा दिप प्रज्वलन गर्न अनुरोध गर्ने,

घ. ३ गते विहान ७ बजे जनप्रतिनिधि, कर्मचारी, राजनीतिक दल, स्थानीयहरुको सक्रियता र उपस्थितिमा खोलबेंशी र माछिखोला बजार सरसफाई गर्ने,

CamScanner

ङ. ३ गते विहान ९ बजे प्रभातफेरी गरि त्यसपश्चात मंचको कार्यक्रम गरि शुभकामना आदानप्रदान गर्ने,

च. दिउँसो १ बजे जनप्रतिनिधि र कर्मचारीबीच मैत्रीपूर्ण फूटबल प्रतियोगिता गर्ने ।

१३.प्रस्ताव नं. १३ माथि छलफल गर्दा जनजागृति माध्यमिक विद्यालय धार्चे वडा नं. ५ माछिखोलाको च.नं. ३५ मिति २०८१।०५।२६ गतेको पत्र प्राप्त भई बैठकमा पेश भई जानकारी भयो । सो सम्बन्धमा उक्त विद्यालय संचालनमा रहेको स्थान माछिखोलामा हाल जग्गाको अपर्याप्तता रहेको र विगत तीन आ.व. देखि जग्गा प्राप्तिका लागि प्रक्रिया गर्दा समेत जग्गा प्राप्त हुन नसकेको अवस्था रहेको । विद्यालयलाई हाल कक्षा संचालन लगायतको लागि थप भवन आवश्यक परेको हुँदा भवन निर्माणका लागि जग्गा आवश्यक रहेको हुनाले माछिखोला स्वास्थ्य चौकिको नाममा करिब ५ रोपनी जग्गा रहेको र सो मध्ये करिव ३ रोपनी जग्गा विद्यालयलाई भोगचलन गर्न दिने भनि माछिखोला स्वास्थ्य चौकी व्यवस्थापन समिति र विद्यालय व्यवस्थापन समिति बीच भएको संयुक्त बैठकबाट निर्णय समेत भएकोले उक्त जग्गा विद्यालयले भोगचलन गर्ने गरि भोगाधिकारका लागि आवश्यक प्रक्रिया अगाडि बढाउन अनुरोध गर्दै श्री संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार, काठमाडौलाई सिफारिस गरि पठाउने निर्णय गरियो ।

१४.प्रस्ताव नं. १४ माथि छलफल गर्दा कालरात्री माध्यमिक विद्यालय लगायत केही विद्यालयहरुमा माध्यमिक तथा निम्न माध्यमिक तहको संघीय शिक्षण सिकाई अनुदान अन्तर्गत अंग्रेजी, गणित र विज्ञान विषयका शिक्षकहरु करार नियुक्ति गर्नका लागि १५ दिनको, ७ दिनको र ७ दिनको गरी ३ पटक विज्ञापन गर्दा पनि अध्यापन अनुमति पत्र सहित योग्यता पुगेका उम्मेदवारहरुको दरखास्त पर्न नआएको, विज्ञापन अनुसार शैक्षिक योग्यता पुगेका तर अध्यापन अनुमति पत्र नभएका उम्मेदवारहरु दरखास्त दिने चाहना सहित सम्पर्कमा आएका, विगतमा पनि यस्तै परिस्थिति आउँदा कार्यपालिकाले शिक्षक सेवा आयोगबाट उक्त निर्णय पश्चात हुने पहिलो शिक्षण अध्यापन अनुमति पत्रको विज्ञापन अनुसार शिक्षण अध्यापन अनुमति पत्र वितरण शुरु नभए सम्म कायम रहने गरी अध्यापन अनुमति पत्र भएको उम्मेदवार नआई अध्यापन अनुमति नभएका तर शैक्षिक योग्यता पुगेका उम्मेदवार बीच मात्र प्रतिस्पर्धा गराई करारमा शिक्षक नियुक्त गर्न सकिने निर्णय गरेको दृष्टान्त रहेको, उल्लेखित तथ्यहरुलाई आधार मानि अंग्रेजी, गणित र विज्ञान विषयको माध्यमिक शिक्षक व्यवस्थापनका सम्बन्धमा तपसिल बमोजिम गर्ने/गराउने निर्णय गरियो-

<u>तपशिल</u>

क. अंग्रेजी, गणित र विज्ञान विषयको संघीय शिक्षण सिकाइ अनुदान अन्तर्गत माध्यमिक तथा निम्न माध्यमिक शिक्षक पदमा अध्यापन अनुमति पत्र भएको वा नभएका दुवै थरि उम्मेदवारको दरखास्त लिन सकिने,

ख. यसमा निर्णयको खण्ड (क) बमोजिम अध्यापन अनुपति पत्र भएको तथा नभएका दुवै थरि उम्मेदवारको दरखास्त परेमा अध्यापन अनुमति पत्र भएका उम्मेदवारको मात्र दरखास्त स्वीकृत गरी उनीहरुको बीच नियम अनुसार प्रतिस्पर्धा गराई सफल उम्मेदवारलाई शिक्षक पदमा करारमा लिने,

ग. यस नियमको खण्ड (ख) बमोजिम दरखास्त माग गर्दा अध्यापन अनुमति पत्र नभएको उम्मेदवारहरुको मात्र दरखास्त परेमा निजहरु बीच प्रतिस्पर्धा गराई सफल उम्मेदवारलाई शिक्षक पदमा करार लिने,

घ. शिक्षक सेवा आयोगबाट यस पछि हुने पहिलो विज्ञापन अनुसार खण्ड (ग) बमोजिम करार गरिएको शिक्षक शिक्षण अध्यापन अनुमति पत्रको परीक्षामा सफल भएमा निजलाई निरन्तरता दिन सकिने तर निज असफल भएमा उक्त विज्ञापनको नतिजा प्रकाशन भई अध्यापन अनुमति पत्र वितरण भएको ३० दिन पश्चात यस्तो शिक्षकको करार स्वत: अन्त्य हुने ।

CamScanner

आज मिति २०८१ साल असोज १६ गते बुधबारका दिन यस धार्चे गाउँपालिकाका अध्यक्ष श्री लक्ष्मण गुरुङको अध्यक्षतामा तपशिल बमोजिमका पदाधिकारीहरुको उपस्थितिमा गाउँ कार्यपालिका बैठक धार्चे गाउँ कार्यपालिकाको कार्यालय, माछिखोला, गोरखामा बसी देहाय बमोजिमका प्रस्तावहरु माथि छलफल एवम् निर्णय गरियो ।

उपस्थितिहरु:

| क्र. सं. | पदाधिकारीको नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री लक्ष्मण गुरुङ | अध्यक्ष | |
| २ | श्री सुनिला गुरुङ | उपाध्यक्ष | |
| ३ | श्री काजीमान सुनार | सदस्य-सचिव | |
| ४ | श्री राम सिङ गुरुङ | सदस्य | |
| ५ | श्री सरोज गुरुङ | सदस्य | |
| ६ | श्री शेर बहादुर गुरुङ | सदस्य | |
| ७ | श्री किसान गुरुङ | सदस्य | |
| ८ | श्री भिम प्रसाद गुरुङ | सदस्य | |
| ९ | श्री रविन्द्र घले (का.वा.अध्यक्ष) | सदस्य | |
| १० | श्री पन्दुर गुरुङ (का.वा.अध्यक्ष) | सदस्य | |
| ११ | श्री अनार्त गुरुङ | सदस्य | |
| १२ | श्री पासमाया गुरुङ | सदस्य | |
| १३ | श्री देवी सुनार | सदस्य | |
| १४ | श्री सुनमाया वि.क. | सदस्य | |
| १५ | श्री मित्र बहादुर सुनार | सदस्य | |
| १६ | श्री जक सिङ घले | सदस्य | |

अन्य उपस्थिति

| सि.नं. | नामथर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | विनायक तिमिल्सिना | प्रशासकीय अधिकृत | |
| २ | | | |
| ३ | | | |

CamScanner

**प्रस्तावहरु:**

१. अघिल्लो बैठकको निर्णय कार्यान्वयन अवस्थाको समिक्षा सम्बन्धमा ।
२. झ्याप्ले खोलामा भएको दुखद घटना सम्बन्धमा ।
३. चालु आ.व.को हालसम्म भएका विकास निर्माण र सेवा प्रवाहको बारेमा मासिक रिपोर्टिङ सम्बन्धमा ।
४. चालु आ.व.मा हुने विकास निर्माण र सेवा प्रवाह सम्बन्धमा ।
५. उपभोक्ता समितिबाट हुने योजनाका कार्यहरुको व्यवस्थापन सम्बन्धमा ।
६. राजश्व शाखाको जिम्मेवारी सम्बन्धमा ।
७. करारमा नियुक्ति भएका कार्यालय सहयोगीको तलब सम्बन्धमा ।
८. नौलिखोला झरनामा ग्लास ब्रिजको डिपिआर बनाउने सम्बन्धमा ।
९. सडक मर्मत तथा सरसफाई सम्बन्धमा ।
१०.जिल्ला समन्वय समिति मौज्दात कोषबाट कार्यान्वयन हुने योजनाको प्रस्ताव पेश गर्ने सम्बन्धमा ।
११.खासस्व कार्यक्रम संचालनका लागि पूर्व सहमति दिने सम्बन्धमा ।
१२.कार्यविधि, निर्देशिका पास गर्ने सम्बन्धमा ।
१३.धार्चे गाउँपालिकाको खर्चको मापदण्ड, २०८१ सम्बन्धमा ।
१४.वडा नं. १ मा शौचालय निर्माण सम्बन्धमा ।
१५.वडादशैका अवसरमा मौलो/हतियार पुजाका लागि नेपाल प्रहरीलाई खर्च व्यवस्थापन सम्बन्धमा ।

**निर्णयहरु:**

१. प्रस्ताव नं. १ माथि छलफल गर्दा यस अगाडीको कार्यपालिकाबाट भएको निर्णयको कार्यान्वयन अवस्थाको समिक्षा गरि निर्णय कार्यान्वयनका लागि थप क्रियाशिल रहने निर्णय गरियो ।
२. प्रस्ताव नं. २ माथि छलफल गर्दा यहि मिति २०८१।०६।११ गतेका दिन धादिङ जिल्लाको धुनिबेशी न.पा. वडा नं. ९ झ्याप्ले खोलामा माथिबाट आएको पहिरोले गाडि पुरिदा यस गाउँपालिकाको वडा नं. ७ खानीगाउँ निवासी वर्ष २७ को सुके गुरुङको मृत्यु भएकोले मृतकप्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दै शोक सन्तप्त परिवारजनमा धैर्यधारण गर्ने शक्ति प्रदान होस भनि हार्दिक श्रद्धासुमन व्यक्त गर्दै विपदजन्य घटनाबाट मृत्यु भएका व्यक्तिको हकमा प्रदेश सरकार र संघिय सरकारबाट नियमानुसार उपलब्ध हुने आर्थिक राहतका लागि गाउँपालिकाका तर्फबाट आवश्यक पहल तथा सहयोग गर्ने निर्णय गरियो ।
३. प्रस्ताव नं. ३ माथि छलफल गर्दा चालु आ.व. को हालसम्म भएका विकास निर्माण, सेवा प्रवाह, शिक्षा, स्वास्थ्य लगायतका विषयमा सबै वडाध्यक्षहरुबाट पालैपालो रिपोर्टिङ भई जानकारी भयो ।
४. प्रस्ताव नं. ४ माथि आवश्यक छलफल गर्दा चालु आ.व. २०८१/०८२ मा हुने विकास निर्माण र सेवा प्रवाहलाई थप चुस्त, दुरुस्त, छिटो, छरितो, गुणस्तरीय, प्रभावकारी, पारदर्शी, जवाफदेही, उत्तरदायी एवम् नतिजामूलक तुल्याउनका लागि देहाय बमोजिम गर्ने निर्णय गरियो-
    क. प्राविधिक कर्मचारीहरुलाई वडागत रुपमा खटाउने ।
    ख. उपभोक्ता समितिको गठन कार्तिक पहिलो हप्तासम्म गरिसक्ने ।
    ग. उपभोक्ता समितिलाई अभिमुखीकरण तालिम कार्तिक अन्तिम हप्तासम्म दिने ।
    घ. प्राविधिक कर्मचारीहरुका लागि आवश्यक आधारभूत तालिम कार्तिक तेस्रो हप्तामा संचालन गर्ने ।
    ङ. प्रारम्भिक फिल्ड सर्भे र लागत इस्टिमेट कार्तिक मसान्तसम्म गरिसक्ने ।
    च. योजना तथा कार्यक्रम सम्झौता मंसिर मसान्तसम्म गरिसक्ने ।
    छ. योजना तथा कार्यक्रम कार्यान्वयनको शिलशिलामा काम शुरु हुनु भन्दा अगाडी, कार्यको बीचमा र अन्त्यमा गरी ३ पटक अनिवार्य रुपमा सम्बन्धित प्राविधिक, वडा समिति र पालिकास्तरीय अनुगमन समितिबाट अनुगमन तथा निरिक्षण गर्ने ।
    ज. उपभोक्ता समिति गठन गर्दा सम्बन्धि टोलको हुनु पर्ने ।
    झ. दिगो विकास निर्माणमा जोड दिने ।
    ञ. नागरिक वडापत्रलाई थप प्रभावकारी बनाउने ।
    ट. विधि र प्रक्रियालाई कडाईका साथ अवलम्वन गर्ने ।
    ठ. प्रक्रियागत सरलीकरण गर्दै नतिजामूखी सेवा प्रवाहमा जोड दिने ।

CamScanner

५. प्रस्ताव नं. ५ माथि छलफल गर्दा चालु आ.व. २०८१/०८२ मा कार्यान्वयन हुने योजना/आयोजना/कार्यक्रमहरुमा धार्चे गाउँपालिकाको भौगोलिक अवस्था, वस्तुस्थिति, दक्ष जनशक्तिको उपलब्धता, निर्माण सामाग्रीको उपलब्धता, नदिजन्य पदार्थको उपलब्धता लगायतको अवस्थालाई मध्यनजर गर्दा सार्वजनिक खरिद ऐन, २०६४ र नियमावली, २०६५ मा जुनसुकै कुरा उल्लेख भएता पनि रु. ५० लाखभन्दा तलका योजना/आयोजना/कार्यक्रमहरु उपभोक्ता समिति मार्फत कार्यान्वयन गर्ने गराउने र ५० लाखभन्दा माथिका योजनाहरु नियमानुसार ठेक्का प्रक्रियाबाट कार्यान्वयन गर्ने गराउने व्यवस्था मिलाउने निर्णय गरियो ।

६. प्रस्ताव नं. ६ माथि छलफल गर्दा धार्चे गाउँपालिकाले चालु आ.व. २०८१/०८२ मा राजश्व संकलनमा लिएको लक्ष्य हासिल गर्न कार्यपालिकाको कार्यालय अन्तर्गत रहेको राजश्व शाखालाई थप चुस्त, दुरुस्त बनाई राजश्व संकलन तथा असुल उपर गर्ने कार्यलाई प्रभावकारी, पारदर्शी एवम् नतिजामूलक बनाउनका लागि आर्थिक प्रशासन शाखामा कार्यरत बरिष्ठ आ.ले.प. सहायक श्री उमा शंकर साहलाई शाखा प्रमुखको जिम्मेवारी दिई पंजिकरण शाखामा कार्यरत फिल्ड सहायक असिम गुरुङलाई सहयोगी सहायक कर्मचारीका रुपमा कामकाजमा खटाउने व्यवस्था मिलाउन प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने निर्णय गरियो ।

७. प्रस्ताव नं. ७ माथि छलफल गर्दा यस पालिकाको कार्यालय अन्तर्गत आवश्यक रहेको कार्यालय सहयोगी पदमा करार सेवामा कर्मचारी नियुक्ति गर्नका लागि मिति २०८१।०६।१२ गते संचालित परिक्षाबाट सफल भई मिति २०८१।०६।१३ गते करार सेवामा नियुक्ति भएका कार्यालय सहयोगी पदमा तपशिल बमोजिम तलब निर्धारण गर्ने निर्णय गरियो ।

तपशिल-

| क्र.सं. | पद | संख्या | कार्यरत रहने निकाय | तलब स्केल | कैफियत |
|---|---|---|---|---|---|
| १ | का. स. | २ | गा.पा. कार्यालयका लागि | २००००।- | करार |
| २ | का. स. | १ | ६ नं. वडा कार्यालयका लागि | २००००।- | करार |

८. प्रस्ताव नं. ८ माथि छलफल गर्दा चालु आ.व. मा यस गाउँपालिकाका लागि प्रदेश सरकार मुख्यमन्त्रि तथा मन्त्रीपरिषदको कार्यालयबाट मुख्यमन्त्री नवप्रवर्तन साझेदारी कार्यक्रम अन्तर्गत नौलीखोला झरना क्यानोनिङ र भिया फटरा पूर्वाधार निर्माण आयोजनामा बजेट विनियोजन भई आएकोले उक्त आयोजना कार्यान्वयन गर्नका लागि आवश्यक ठेक्का निष्काशन गर्नका लागि गत वर्ष सम्पन्न भएको सम्भाव्यता अध्ययनको DPR लाई थप परिमार्जित गरि आयोजना कार्यान्वयनमा जाने र सो थप परिमार्जित DPR कन्टिन्जेन्सि रकमबाट परामर्श सेवाबाट गर्ने गराउने व्यवस्था मिलाउने र सो प्रक्रिया अगाडी बढाउन गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन गर्ने निर्णय गरियो ।

९. प्रस्ताव नं. ९ माथि छलफल गर्दा धार्चे गाउँपालिकाको क्षेत्रभित्र वर्षायामको समयमा मनसुनजन्य विपदका घटनाहरुबाट क्षति भएका तपशिल बमोजिमका पदमार्ग तथा सडकहरु प्राविधिक सर्वेक्षण तथा मुल्याङ्कन गरि आवश्यकता तथा प्राथमिकताका आधारमा आगामी दशैभित्र सरसफाई गरि मानिसहरु, सवारी साधन तथा पशुचौपाय आवतजावतमा सहजता गर्ने गरि मिति २०८१।०६।१० गते कोटेशन आव्हान गरिएकोमा तोकिएको म्यादभित्र कुनै पनि कोटेशन पेश हुन नआएको हुँदा आसन्न दशै लगायतका चाडपर्वलाई मध्यनजर गरि छिटो छरितो रुपमा सडक सरसफाई गर्नुपर्ने आवश्यकता भएकोले उपभोक्ता समितिमार्फत कार्य गर्ने गराउने साथै बेनिघाट-आरुघाट-लार्केभञ्ज्याङ सडक अन्तर्गत माछिखोला देखि दोभान खण्डको आपतकालीन सरसफाई गाउँपालिकाले गर्नुपर्ने आवश्यकता देखिएको हुँदा खोर्लाबेशि देखि दोभानसम्म र माछिखोला देखि खोर्लाबेशीसम्म गरि दुई प्याकेजमा लागत इष्टिमेट अनुसार सरसफाई कार्य गरि प्राविधिक मुल्याङ्कन बमोजिम आपतकालीन सडक मर्मत सम्भार शिर्षकबाट खर्च व्यहोर्ने गरि सरसफाई कार्य गर्ने व्यवस्था मिलाउने निर्णय गरियो ।

तपशिल:

| क्र. सं. | सडक खण्डको नाम | जम्मा रकम (रु.मा) (भ्याटसहित) | कैफियत |
|---|---|---|---|
| १ | छोटेखोला-काशीगाउँ-आयुखोला सडक खण्ड | ३,१६,२८७.०० | |
| २ | आयुखोला-केरौजा- रुन्चेत सडक खण्ड | ४,४५,१०७.०० | |
| ३ | लप्सिबोट-गुम्दा सडक खण्ड | १,०१,५०७.२९ | |
| ४ | लाप्राक-सिङ्ला सडक खण्ड | ३,६०,९९८.७१ | |

१०. प्रस्ताव नं. १० माथि छलफल गर्दा जिल्ला समन्वय समितिको कार्यालय, गोरखाको च.नं. ७७ मिति २०८१।०५।२८ गतेको प्राप्त पत्र बैठकमा पेश भई जानकारी भयो । सो सम्बन्धमा चालु आ.व. मा जिल्ला समन्वय समिति मौज्दात कोष र यस गाउँपालिकाको साझेदारीबाट कार्यान्वयन गर्ने गरि जिल्ला समन्वय समिति मौज्दात कोष संचालन निर्देशिका, २०७५ को दफा ४ अनुसार प्राथमिकताको आधारमा यस गाउँपालिकाको वडा नं. ५ गुम्दा वडा कार्यालयको तला थप कार्यक्रमलाई छनौट गरि दफा

CamScanner

अनुसार योजनाको प्रस्ताव तयार गरि जिल्ला समन्वय समितिको कार्यालय गोरखामा पेश गर्ने व्यवस्था मिलाउन गाउँ ँपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

ाव नं. ११ माथि छलफल गर्दा गण्डकी प्रदेश सरकार, उर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालय, गण्डकी प्रदेश, पोखराको ं. २३० मिति २०८१।०६।११ गतेको प्राप्त पत्र बैठकमा पेश भई जानकारी भयो । सो सम्बन्धमा "बजेट तथा कार्यक्रम र्यान्वयन सम्बन्धि एकीकृत कार्यविधि, २०७७" (चौथो संशोधन सहित) को दफा १०, उपदफा २ बमोजिम प्रदेश सरकारका त्रालयबाट कार्यान्वयन हुने गरी रकम विनियोजन भएको कुनै आयोजना तथा कार्यक्रम स्थानीय तह मार्फत कार्यान्वयन गर्नुपर्ने मा सम्बन्धित स्थानीय तहको पूर्व सहमति आवश्यक हुने व्यवस्था बमोजिम गण्डकी प्रदेशमा खानेपानी सरसफाई तथा च्छता (WASH) कार्ययोजना तयारी कार्यको लागि उक्त मन्त्रालयलाई पूर्व सहमति दिने निर्णय गरियो ।

ताव नं. १२ माथि छलफल गर्दा चालु आ.व. २०८१/०८२ मा कृषि विकास शाखा र पशु सेवा शाखाबाट कार्यान्वयन हुने र विनियोजित बजेट तथा कार्यक्रम कार्यान्वयनका लागि प्रमुख प्रशासकीय अधिकृत मार्फत शाखाबाट पेश भएका स्थानिय ःको पशु सेवा शाखाबाट सचालन हुने कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१ र स्थानिय तहको कृषि विकास शाखाबाट चालन हुने कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१ स्वीकृत/पारित गरि सोहि बमोजिम कार्यान्वयन गर्ने गराउने व्यवस्था िलाउने निर्णय गरियो ।

स्ताव नं. १३ माथि छलफल गर्दा चालु आ.व.मा यस धार्चे गाउँपालिकाबाट हुने सार्वजनिक खर्चलाई प्रभावकारी एवम् यवस्थित गर्नका लागि प्रमुख प्रशासकीय अधिकृत मार्फत प्रशासन तथा आर्थिक प्रशासन शाखाबाट पेश भएको धार्चे गाउँपालिकाको खर्चको मापदण्ड, २०८१ बैठकमा पेश भई दफावार अध्ययन एवम् छलफल गरियो । सो सम्बन्धमा उक्त धार्चे गाउँपालिकाको खर्चको मापदण्ड, २०८१ स्वीकृत/पारित गरि सोहि बमोजिम कार्यान्वयन गर्ने गराउने व्यवस्था मिलाउने निर्णय गरियो ।

.प्रस्ताव नं. १४ माथि छलफल गर्दा यस गाउँपालिकाको वडा नं. १ को वडा कार्यालयले हाल प्रयोग गरिरहेको शौचालय इच्छा आ.वि.को रहेको र सो शौचालय मर्मत गर्न नमिल्ने गरि भत्किएको हुँदा कार्यालयमा कार्यरत कर्मचारी र सेवा लिन आउने सेवाग्राहिलाई समेत शौचालय अभावका कारण समस्या उत्पन्न भएको हुँदा तत्काल कार्यालय परिसरमा शौचालय निर्माण कार्य अगाडि बढाई आवश्यक खर्च व्यवस्थापन आगामी हिउँदे गाउँसभाबाट गर्ने व्यवस्था मिलाउने निर्णय गरियो ।

५.प्रस्ताव नं. १५ माथि छलफल गर्दा आसन्न वडादशैका अवसरमा नेपाल प्रहरीले मौलो तथा हतियार पुजा गर्ने परम्परा अनुसार गाउँपालिकामा खर्च व्यवस्थापनका लागि माग गर्ने प्रचलन रहेको हुँदा विविध खर्च शिर्षकबाट रु. १५०००।– का दरले उपलब्ध गराउने व्यवस्था मिलाउन प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने निर्णय गरियो ।

CamScanner

आज मिति २०८१ साल कार्तिक १३ गते मंगलबारका दिन यस धार्चे गाउँपालिकाका अध्यक्ष श्री लक्ष्मण गुरुङको अध्यक्षतामा तपशिल बमोजिमका पदाधिकारीहरुको उपस्थितिमा गाउँ कार्यपालिका बैठक धार्चे गाउँ कार्यपालिकाको कार्यालय, माछिखोला, गोरखामा बसी देहाय बमोजिमका प्रस्तावहरु माथि छलफल एवम् निर्णय गरियो ।

उपस्थितिहरु:

| क्र. सं. | पदाधिकारीको नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री लक्ष्मण गुरुङ | अध्यक्ष | |
| २ | श्री सुनिला गुरुङ | उपाध्यक्ष | |
| ३ | श्री काजीमान सुनार | सदस्य-सचिव | |
| ४ | श्री राम सिङ गुरुङ | सदस्य | |
| ५ | श्री सरोज गुरुङ | सदस्य | |
| ६ | श्री शेर बहादुर गुरुङ | सदस्य | |
| ७ | श्री किसान गुरुङ | सदस्य | |
| ८ | श्री भिम प्रसाद गुरुङ | सदस्य | |
| ९ | श्री रविन्द्र घले (का.वा.अध्यक्ष) | सदस्य | |
| १० | श्री राकेश गुरुङ | सदस्य | |
| ११ | श्री अनार्त गुरुङ | सदस्य | |
| १२ | श्री पासमाया गुरुङ | सदस्य | |
| १३ | श्री देवी सुनार | सदस्य | |
| १४ | श्री सुनमाया वि.क. | सदस्य | सुनमाया। |
| १५ | श्री मित्र बहादुर सुनार | सदस्य | |
| १६ | श्री जक सिङ घले | सदस्य | |

अन्य उपस्थिति

| सि.नं. | नामथर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री बलराम श्रेष्ठ | लेखा अधिकृत अधिकृत | |
| २ | | | |
| ३ | | | |

**प्रस्तावहरु:**

१. अघिल्लो बैठकको निर्णय कार्यान्वयन अवस्थाको समिक्षा सम्बन्धमा ।
२. चालु आ.व.को हालसम्म भएका विकास निर्माण र सेवा प्रवाहको बारेमा मासिक रिपोर्टिङ सम्बन्धमा ।
३. चालु आ.व.मा हुने विकास निर्माण र सेवा प्रवाह सम्बन्धमा ।
४. सडक बोर्ड नेपालसँगको साझेदारीमा सडक मर्मत सम्भार गर्ने सम्बन्धमा ।
५. पशु सेवा अन्तर्गत एक गाउँ एक प्राविधिक पद थप गर्ने सम्बन्धमा ।
६. करार सेवामा कर्मचारी भर्ना सम्बन्धमा ।
७. वास कार्यक्रम कार्यान्वयन गर्नका लागि करारमा तथ्याङ्क संकलक (गणक) भर्ना गर्ने सम्बन्धमा ।
८. सामूदायिक सिकाई केन्द्रको परिचालकको तलबभत्ता सम्बन्धमा ।
९. काजक्रिया र उपचार खर्च उपलब्ध गराउने सम्बन्धमा ।
१०. स्थानीय बाल अधिकार समिति गठन गर्ने सम्बन्धमा ।

**निर्णयहरु:**

१. प्रस्ताव नं. १ माथि छलफल गर्दा यस अगाडीको कार्यपालिकाबाट भएको निर्णयको कार्यान्वयन अवस्थाको समिक्षा गरि निर्णय कार्यान्वयनका लागि थप क्रियाशिल रहने निर्णय गरियो ।

२. प्रस्ताव नं. २ माथि छलफल गर्दा चालु आ.व. को हालसम्म भएका विकास निर्माण, सेवा प्रवाह, शिक्षा, स्वास्थ्य लगायतका विषयमा सबै वडाध्यक्षहरुबाट पालैपालो रिपोर्टिङ भई जानकारी भयो ।

३. प्रस्ताव नं. ३ माथि आवश्यक छलफल गर्दा चालु आ.व. २०८१/०८२ मा हुने विकास निर्माण र सेवा प्रवाहलाई थप चुस्त, दुरुस्त, छिटो, छरितो, गुणस्तरीय, प्रभावकारी, पारदर्शी, जवाफदेही, उत्तरदायी एवम् नतिजामूलक तुल्याउनका लागि देहाय बमोजिम गर्ने निर्णय गरियो-

   क. उपभोक्ता समितिको गठन मंसिर पहिलो हप्तासम्म गरिसक्ने ।
   ख. उपभोक्ता समितिलाई अभिमुखीकरण तालिम मंसिर तेस्रो हप्तासम्म दिने ।
   ग. प्राविधिक कर्मचारीहरुका लागि आवश्यक आधारभूत तालिम मंसिर अन्तिम हप्तामा संचालन गर्ने ।
   घ. प्रारम्भिक फिल्ड सर्भे र लागत इस्टिमेट मंसिर मसान्तसम्म गरिसक्ने ।
   ङ. योजना तथा कार्यक्रम सम्झौता मंसिर मसान्तसम्म गरिसक्ने ।

प्रस्ताव नं. ५ माथि छलफल गर्दा सडक बोर्ड नेपालको च.नं. ४३९ मिति २०८१।०६।१३ गतेको प्राप्त पत्र बैठकमा पेश भई जानकारी भयो । सो सम्बन्धमा चालु आ.व. २०८१/०८२ मा स्थानीय सडक मर्मत संभार कार्यको लागि रु १२,००,०००।– बजेट विनियोजन भई आएको र बोर्डको सडक मर्मत संभार कार्यक्रम कार्यान्वयन मार्गदर्शन बमोजिम सो कार्यक्रम कार्यान्वयन गर्नका लागि यस गाउँपालिकाले समेत २० प्रतिशत लागत साझेदारी गर्नुपर्ने हुँदा सडक बोर्ड नेपालसँग साझेदारी शिर्षकबाट लागत साझेदारी गरि तपशिल बमोजिमको योजना स्वीकृत गरि नियमानुसार सहमतिका लागि पठाउने व्यवस्था मिलाउन गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन गर्ने निर्णय गरियो ।

क. दोभान उहिया सडक खण्ड मर्मत संभार

५. प्रस्ताव नं. ५ माथि छलफल गर्दा चालु आ.व. २०८१/०८२ को वार्षिक नीति योजना कार्यक्रम तथा बजेट अन्तर्गत पशु सेवा शाखाबाट कार्यान्वयन हुने योजना बजेट तथा कार्यक्रमलाई प्रभावकारी एवम् व्यवस्थित बनाउन साथै यस धार्चे गाउँपालिका पशु पालनमा प्रचुर संभावना रहेको र कृषकहरुलाई पशुपालन व्यवसायतर्फ थप उत्प्रेरित गराई पशुजन्य उत्पादन र उत्पादकत्व अभिवृद्धि गरि गराई आत्मनिर्भर बनाउनका लागि सबै वडाहरुमा पशु प्राविधिकहरु खटाउनु पर्ने आवश्यकता रहेको हुँदा एक गाउँ एक प्राविधिक पदमा २ जना जनशक्ति थप गर्ने निर्णय गरियो ।

६. प्रस्ताव नं. ६ माथि छलफल गर्दा यस गाउँपालिकाको कार्यालय अन्तर्गतको विकास निर्माण सेवा प्रवाह आधारभूत स्वास्थ्य सेवा लगायतको कार्यलाई थप चुस्त दुरुस्त छिटो छरितो प्रभावकारी एवं व्यवस्थित रुपमा संचालन गर्नका लागि कर्मचारी आवश्यक रहेने हुँदा तपशिल बमोजिमका पदमा करार सेवामा कर्मचारी भर्ना गर्ने निर्णय गरियो ।

तपशिल-

| क्र.सं. | पद | तह | सेवा/समूह | संख्या | कैफियत |
|---|---|---|---|---|---|
| १ | ल्या.टे. | पाँचौ | स्वास्थ्य/करार | १ | धार्चे आधारभूत अस्पताल |
| २ | रेडियोग्राफर | पाँचौ | स्वास्थ्य/करार | १ | धार्चे आधारभूत अस्पताल |
| ३ | अ.न.मि. | चौथो | स्वास्थ्य/करार | ३ | धार्चे गा.पा.अन्तर्गतका स्वा.पा. |
| ४ | O.V.O.T. | चौथो | पशु/करार | २ | धार्चे गाउँपालिकाको कार्यालय |
| ५ | का.स. | श्रेणीविहिन | प्रशासन | १ | धार्चे आधारभूत अस्पताल |

CamScanner

७. प्रस्ताव नं. ७ माथि छलफल गर्दा गण्डकी प्रदेशमा खानेपानी, सरसफाई तथा स्वच्छता (WASH) योजना तयारी र कार्यान्वयनका लागि मिति २०८१।०६।१० गते गण्डकी प्रदेश सरकार उर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालय र यस गाउँपालिकाबीच भएको समझदारी पत्रको जनशक्ति व्यवस्थापन खण्डमा उल्लेख भएबमोजिम तपशिल बमोजिमका पदमा करारमा तथ्याङ्क संकलक (गणक) भर्ना गरि कार्यक्रम कार्ययोजना कार्यान्वयन गर्ने गराउने निर्णय गरियो ।

तपशिल

| क्र.सं. | पद | तह | संख्या | कैफियत |
|---|---|---|---|---|
| १. | तथ्याङ्क संकलक (गणक) | चौथो करार | १ | प्राविधिक जनशक्ति |
| .२ | तथ्याङ्क संकलक (गणक) | चौथो करार | १ | अप्राविधिक जनशक्ति |

८. प्रस्ताव नं. ८ माथि छलफल गर्दा यस गाउँपालिकाको वडा नं. २ मा संचालित केरौजा सामुदायिक सिकाई केन्द्रका लागि मिति २०८१।०७।०६ संचालित परिक्षाबाट सफल भई नियुक्ति भएका सामूदायिक सिकाई केन्द्र परिचालकको सेवा सुविधा सम्बन्धि कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१/०८२ को खण्ड २.३.६ को क्रियाकलाप नं. २.७.१३.११ शैक्षिक पहुँच सुनिश्चितता, अनौपचारिक तथा बैकल्पिक शिक्षा कार्यक्रमको बुँदा नं. ६.७ (ग) को व्यवस्था बमोजिम गा.पा. अनुदान (शिक्षक तलब) शिर्षकबाट रु. १०,०००।– थप गरि सेवा सुविधा प्रदान गर्ने निर्णय गरियो ।

९. प्रस्ताव नं. ९ माथि छलफल गर्दा मिति २०८१।०४।१३ गते वडा नं. ५ रेसेफाँटमा भएको दुखद विपदको घटना र मिति २०८१।०६।११ गते धादिङ जिल्लाको धुनिबेशी न.पा. वडा नं. ९ झ्याप्ले खोलामा भएको घटनाबाट मृत्यु भएका मृतकहरुको सामाजिक परम्परा अनुसार हुने काजक्रिया/मृत्युसंस्कारका लागि सहयोग होस भन्ने हेतुले स्थानीय सरकारको जनताप्रतिको दायित्व र भूमिकालाई थप प्रभावकारी बनाउनका लागि काजक्रिया खर्च वापत प्रति मृतक रु. ५०,०००।– (अक्षरुपी पचास हजार रुपैया मात्र) र एकै परिवारका मृतकको हकमा दोस्रो र तेस्रोलाई रु. २५,०००।– (अक्षरुपी पच्चिस हजार रुपैया मात्र) का दरले उपलब्ध गराउने जसअनुसार मृतक जित बहादुर गुरुङको परिवारलाई रु. १,००,०००।-(अक्षरुपी एक लाख रुपैया मात्र), मृतक रमेश गुरुङको परिवारलाई रु. ५०,०००।– (अक्षरुपी पचास हजार रुपैया मात्र) र झ्याप्ले खोला घटनाका मृतक सुके गुरुङको परिवारलाई रु. ५०,०००।– (अक्षरुपी पचास हजार रुपैया मात्र) उपलब्ध गराउने साथै रेसेफाँट घटनामा घाइते भएका सिङ्ला निवासी दिलिप गुरुङलाई उपचार खर्च वापत विल बमोजिम रु. १,००,०००।-(अक्षरुपी एक लाख रुपैया मात्र) सम्म विपद व्यवस्थापन शिर्षकबाट उपलब्ध गर्ने/गराउने व्यवस्था मिलाउने निर्णय गरियो ।

१०. प्रस्ताव नं. १० माथि छलफल गर्दा धार्चे गाउँपालिकाको बालबालिका सम्बन्धि कार्यविधि, २०८० को दफा ९ को व्यवस्था बमोजिम तपशिल अनुसारको एक स्थानीय बाल अधिकार समिति गठन गर्ने निर्णय गरियो ।

तपशिल

| | | |
|---|---|---|
| क. | उपाध्यक्ष, श्री सुनिला गुरुङ | - संयोजक |
| ख. | महिला वडा सदस्य श्री देमो घले | - सदस्य |
| ग. | दलित महिला वडा सदस्य श्री शान्ति बि.क. | - सदस्य |
| घ. | प्रधानाध्यापक श्री सञ्जय ढकाल गुरुङ | - सदस्य |
| ङ. | बालअधिकार सम्पर्क शिक्षक श्री | - सदस्य |
| च. | समाजसेवा/बाल मनोविज्ञ श्री इन्द्रराज भट्टराई | - सदस्य |
| छ. | शिक्षा शाखा प्रमुख श्री पुष्प राज जोशी | - सदस्य |
| ज. | स्वास्थ्य शाखा प्रमुख श्री अमृत बहादुर घले | - सदस्य |
| झ. | सामाजिक शाखा प्रमुख श्री धन कुमारी दुरा | - सदस्य |
| ञ. | श्र अनिषा गुरुङ (गाउँपालिकास्तरीय बाल संजाल) | - सदस्य |
| ट. | श्री सौगात सुनार (गाउँपालिकास्तरीय बाल संजाल) | - सदस्य |
| ठ. | श्री (बाल अधिकारकर्मी) | - सदस्य |
| ड. | श्री सिर्जना ढकाल (बाल अधिकारकर्मी) पद्धति विकास केन्द्र | - सदस्य |
| ढ. | माछिखोला प्रहरी चौकी प्रमुख श्री दिग बहादुर गर्जन मगर | - सदस्य |
| ण. | श्री केशव राज गुरुङ माछिखोला स्वास्थ्य चौकी | - सदस्य |
| त. | बाल कल्याण अधिकारी श्री निरु बि.क. | - सदस्य - सचिव |

CS CamScanner